# श्री ५ पृथ्वीनारायण शाहको कान्तिपुर–प्रवेशको दिनविषयमा केही विचार

–नयनराज पन्त

श्री ५ पृथ्वीनारायण शाहले कान्तिपुर विजय गरेको दिन इन्द्रयात्राको दिन हो भन्ने कुरो धेरैलाई थाहा छ। सो दिनमा विशेष उत्सव पनि हुने हुनाले सो घटनाको ज्ञान साधारण मनुष्यहरूलाई पनि प्रायः छ। दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले आफ्नो हस्ताक्षरले यस विषयमा यस्तो लेखेका छन् –

**सम्वत् १८२५ शाके १६९० भाद्रपदशुक्लचतुर्दशी –परतः पूर्णिमायाँ पूर्वभाद्रपरत उत्तराभाद्रे गंडयोगपरतो वृद्धिकोगे विष्टिकरणे सूर्यवासरे सौराद्आश्विनमासदिन १३ गते सूर्यास्ताद्रातिगतघटिषु १४ श्रीमत्पृथ्वीनारायणशाह –वर्मणः प्रवेशस्तत्रार्कः ५। १२। ३०। ३ लग्नं २। १८। ४०।५४ उत्तराभाद्रभुक्तघटचः ४।४४ दिनमानं २९।५८ इष्टं ४३।५८**

तात्कालिकलग्नकुण्डलीयम्




| भ. | उ. | सि. | शं. | मं. | पिं. | ध | भ्रा |
|---|---|---|---|---|---|---|---|
| ५ | ११ | १८ | २६ | २७ | २९ | ३२ | ३६ |
| ४१ | ४७ | ५४ | ६२ | | | | |

| श. | बु. | के. | शु. | आ. | चं. | मं. | रा. |
|---|---|---|---|---|---|---|---|
| १९ | ३६ | ४३ | ६३ | ६९ | ७९ | ८६ | १०४ |

लक्ष्मीपतिको यस लेखअनुसार वि. सं. १८२५ आश्विन १३ गते आदित्य वार सूर्योदयदेखि ४३ घडी ५८ पला जाँदा पृथ्वीनारायणले कान्तिपुर प्रवेश गरेका हुन् भन्ने देखिन्छ। उनको यस लेखअनुसार त्यस दिन दिनमान २९ घडी ५८ पला र रात्रिमान ३० घडी २ पला देखिन्छ। यसकारण रातको आधा मान १५ घडी १ पला देखिन्छ। पृथ्वीनारायण शाहले कान्तिपुर प्रवेश गर्दा १४ घडी रात बितेको थियो भनी लक्ष्मीपतिले लेखेकाले उनको लेखाइअनुसार आधारात नहुँदै पृथ्वीनारायण शाहको कान्तिपुर प्रवेश भएको देखिन्छ।

लक्ष्मीपतिको जन्म वि. सं. १८१५ मा भएको हो।[1] यस कारण पृथ्वीनारायण शाहले कान्तिपुर विजय गर्दा उनी १० वर्षका थिए। लक्ष्मीपतिका बाबु कालु (कृष्णानन्द) पाँडेको श्री ५ पृथ्वीनारायण शाहको समयदेखि नै राजदरबारमा प्रवेश थियो तथा उनी राजदरबारमा ज्योतिषी काम पनि गर्दथे। लक्ष्मीपतिले बाबुकै उत्तराधिकारीको रूपमा राजदरबारमा ज्योतिषीको रूपमा प्रवेश पाएका थिए।[2]

१. पूर्णिमा ७ अङ्कको ६६ पृ.।

२. पूर्णिमा ७ अङ्कका ६३–६५ पृ. तथा ७३–७४ पृ.।

ऐ. शि. बाबुराम आचार्यज्यूले "श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" नामक आफ्नो ग्रन्थको ५२५ पृ. मा

कुलानन्द ढकालका नातिहरूले उतारिदिएका जैसीकोठामा रहेका साइतहरूका फिरिस्तमा श्री ५ पृथ्वीनारायण शाह "कान्तिपुर शहरमा प्रवेश गरेको समय रात्रि गत घडी २२ पला ४१" (रातको तीन बजे) लेखिएको ... ...

भनी लेख्नुभएको छ।

कुलानन्द ढकालका नातिहरूले वि. सं. १८९० मा श्री ५ राजेन्द्रविक्रम शाहलाई यो तिथिमिति चढाएका हुन् भनी ऐ. शि. ज्यूले लेख्नुभएको छ। जस्तै–

संवत् १८९० मा ज्योतिषी कुलानन्द ढकालका नातिहरूले श्री ५ राजेन्द्रका हजुरमा चढाएका जैसीकोठामा रहेको तिथ्यावली।

( श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीको ४४१ पृ. )

पृथ्वीनारायण शाहका मुख्य ज्योतिषी कुलानन्द ढकाल थिए।[३] यस कारण उनले टिपेको पृथ्वीनारायणको समयको घटनामा शङ्का गर्ने ठाउँ रहँदैन। तर ६० वर्षभन्दा पछि उनका नातिहरूले लेखेका घटना सर्वथा विश्वसनीय नै हुन्छन् भनी मान्न अलि गाह्रो हुन्छ। यसकारण यस विषयका तात्कालिक लेखहरूको अन्वेषण गरी विचार गर्नु आवश्यक हुन आएको छ।

कुलानन्दका नातिहरूको लेखअनुसार आधारातपछि पृथ्वीनारायणले कान्तिपुर प्रवेश गरेका र लक्ष्मीपतिको लेखअनुसार आधा रात नहुँदै सो घटना भएको बुझिन्छ। आधारात वर वा पर भए पनि हाम्रो स्वदेशी गणनाअनुसार गते वारमा केही फरक खाँदैन। अङ्ग्रेजी तारीखमा भने आधारातवर भए ई. सं. १७६८ सेप्टेम्बर २५[४] र आधारातपर भए सेप्टेम्बर २६[५] हुन आउँछ।

हाम्रो यहाँको समयमा पाँच घण्टा चालीस मिनेट जति घटाइदियो भने इङ्गल्याण्डको समय आउँछ। यस कारण हाम्रो यहाँ आधारात नाघेको भए पनि अंग्रेजको समयअनुसार आधारात नाघेको थिएन। आफ्नो परम्परा छोडी अंग्रेजी परम्परातिर लहसिन खोजेका हामीले आफ्नो देशको आधारातमा तारीखको प्रवेश मान्ने हो वा अङ्ग्रेजहरूकै आधारातमा तारीखको प्रवेश मान्ने हो, यो कुरो पनि विचारणीय छ।

यही नै तारीख हुनुपर्छ भन्ने मेरो कुनै आग्रह छैन। यस विषयमा राम्रो विचार भई टुङ्गो लागोस् भन्ने मात्र मेरो भनाइ हो।

---

३. श्री पृथ्वीनारायण शाहको उपदेशको ३९४ पृ.।
४. पूर्णिमा ९ अङ्कको ८७ पृ.।
५. श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीको ५०२ पृ.।